(प्रकाश पौड्याल, २४ मार्च २०१७, एडमन्टन)

# कथा: चिसो हावा

निन्द्रा लाग्न अलि गाह्रो पर्यो। बिभिन्न तर्कनाले ब्यस्त भए। ओछ्यानमा सुति रहेथे। सिसो हावाले सोध्यो, "पिएको छस्?"

अप्ठेरो मान्दै भने, "छैन?"

चिसो हावा गायब भयो।

फेरी ३० मिनट पछी सोध्यो, "पिएको छस्?"

"अहँ म झुटो बोल्दीन अलिकती पिएको छु।" मैले सरल उत्तर दिए।

"अगीन किन झुटो बोलेको?" चिसो हावाले प्रतिउत्तर गर्यो।

"हो मैले अलिकती पिएको छु?" गिल्टी आवाजमा मैले उत्तर दिए।

चिसो हावा फेरी गायब भयो। अब निदाउनु परो। कोल्टे फर्के।

तिस मिनट जती पछी फेरी प्रश्न सोध्यो।

"आज अली बडी पिएको हो?"

एक्कासी झोक चल्यो। ठुलो अनी चर्को श्वरमा कराए, "हो मैले पिएको हो। यस्मा किन यती ठुलो स्वर। किन यति बिग डिल? के मैले पिउनु हुदैन?  के मैले पिए संसार बिग्रन्छ?"

चिसो हावाले बिनम्र हुदै भन्यो, "म माफी चाहन्छु मैले तेरो भावनामा चोट पुराए, तर क्यानडाको यस्तो चिसोमा हिटर नखोलेर एसि कुलर खोल्नु पर्छ र? भर्खरै क्यानडा आउनु भएको ममीलाई चिसो लाग्यो भने? त्यती मात्रै मेरो प्रश्न हो?"

म लज्जीत भए। केही बोलिन। लर बराउदै तल ओर्ले र एसी मा छोडेको स्विच लाई हिटरमा बदले।